हिमालयन पावर पार्टनर लिमिटेड
एघारौं बार्षिक साधारण सभा
को
निर्णय विवरण (माईन्युट)

१. सभाको प्रारम्भ :

यस हिमालयन पावर पार्टनर लिमिटेडको मिति २०८०/०८/२९ मा बसेको संचालक समितिको ५८औं बैठकको निर्णयानुसार आज मिति २०८० साल पुष २५ गतेका दिन कम्पनीको एघारौं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री कुल आचार्यज्यूको अध्यक्षतामा लैनचौर ब्यांक्वेट, लैनचौर, काठमाण्डौमा बिहान ९:०० बजे देखि बसी निम्न बमोजिमको प्रस्ताव उपर छलफल तथा निर्णय पारीत गरी सभा सम्पन्न भयो ।

२. सभाको सूचना :

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) मा व्यवस्था भए अनुसार एघारौं वार्षिक साधारण सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयहरु सहितको विवरण खुलाई सभामा उपस्थितिको लागि शेयरधनीहरुलाई सूचना पठाउनु साथै सोहि ब्यहोराको सूचना मिति २०८० साल पुष २ र ८ गतेको कारोवार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको र उक्त सूचना, एघारौं वार्षिक प्रतिवेदन तथा अन्य कागजातहरु कम्पनीको वेबसाइटमा राखिएको थियो ।

३. सभाको मिति, स्थान र समय :

मिति : २०८० साल पौष २५ गते बुधवार ।
स्थान : लैनचौर ब्यांक्वेट, लैनचौर, काठमाडौं
समय : ९:०० वजे ।

४. छलफलको विषयहरु :

(क) सामान्य प्रस्ताव

१. संचालक समितिको आ.ब. २०७९/०८० को बार्षिक प्रतिवेदन पारित गर्ने ।
२. वार्षिक आर्थिक विवरण, लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वासलात तथा मिति २०७९ श्रावण १ देखि २०८० आषाढ मसान्त सम्मको नाफा-नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण सम्बन्धी विषयमा छलफल गरी स्वीकृत गर्ने ।
३. आर्थिक वर्ष २०८०/०८१ का लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।

(ख) विशेष प्रस्ताब:

१. कम्पनीले सामाजिक उत्तरदायित्व अन्तरगत गरेको आर्थिक सहयोग रकम रु १,९८,००० लाई अनुमोदन गर्ने सम्बन्धमा ।
२. कम्पनीले आफ्नो चुक्ता पुँजी र सञ्चित मुनाफा भन्दा बढी हुने गरी लिएको ऋण अनुमोदन गर्ने सम्बन्धमा ।

(ग ) विविध सम्बन्धमा ।

५ उपस्थिति

संचालकहरु

| | |
|---|---|
| श्री कुल आचार्य | अध्यक्ष |
| श्री अम्बिका प्रसाद पौडेल | संचालक |

श्री दिबाकर पौडेल — संचालक
श्री गुरु प्रसाद ढकाल — संचालक तथा कार्यकारी निर्देशक

संस्थापक
श्री चन्द्रप्रसाद ढकाल — पूर्व अध्यक्ष

पदाधिकारीहरु
श्री बिनय के.सी. — कम्पनी सचिब
श्री मुन्ना शाक्य — प्रोजेक्ट म्यानेजर
श्री उमेश कुमार बस्नेत — वरिष्ट लेखा अधिकृत
श्री चोलाकान्त ज्ञवाली — इन्जिनियर

शेयरधनीहरुको उपस्थिती :
स्वयम उपस्थित — १०६ जना
प्रतिनिधिमार्फत उपस्थित — ३ जना
जम्मा उपस्थित : — १०९ जना

६ गणपुरक संख्याको विवरण :

| विवरण | कूल संख्या | स्वयं उपस्थिति | प्रतिनिधि मार्फत उपस्थिति | जम्मा उपस्थिति | कुल विक्री शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयर कित्ता संख्या | १,०६,५४,१७० | ४९,८७,७४८ | ८,०५,१६८ | ५७,९२,९१६ | ५४.३७% |
| शेयरधनी संख्या | | १०६ | ३ | १०९ | – |

७. सभाको बैधानिकता :

(क) यो सभा कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली बमोजिम बोलाइएको र कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा २ तथा कम्पनीको नियमावलीको नियम २३ बमोजिम बाँडफाँड भएको कूल शेयर संख्याको पचास प्रतिशतभन्दा वढि शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्धारा उपस्थित हुनु पर्ने प्रावधान रहेकोमा कम्पनीको दशौं बार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिर जनाउने शेयरधनीको संख्या १०९ जना र कूल बाँडफाँड भएको शेयरको ५४.३७ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभामा गणपुरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा बैधानिक भएको जानकारी गराउनु भयो ।

(ख) कम्पनीको नियमावली अनुसार साधारण सभाको अध्यक्षता संचालक समितिको अध्यक्षले गर्ने प्राबधान बमोजिम विहान ९:०० बजे अध्यक्ष श्री कुल आचार्यज्यूको अध्यक्षतामा कम्पनीको एघारौं वार्षिक साधारण सभा सुरु भयो ।

८ वार्षिक साधारण सभामा संचालक समितिको वार्षिक प्रतिवेदनको प्रस्तुति

सभाको अध्यक्ष श्री कुल आचार्यज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिबादन गर्दै पूर्व निर्धारित छलफलको बिषय सूचि सहित आफ्नो मन्तव्य, आ.व. २०७९/०८० को संचालक समितिको



Himalayan Power Partner Ltd. Kathmandu

वार्षिक प्रतिबेदन, लेखापरिक्षकको प्रतिवेदन, वित्तिय विवरण तथा कम्पनीको प्रगती विवरण पढेर सुनाउनु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नु भयो ।

९ छलफलको लागि आव्हान र शेयरधनी महानुभाहरुको व्यक्त धारणा, जिज्ञासा तथा सुझाब

कम्पनी सचिवले, पेश भएका छलफलको विषयहरु तथा प्रतिवेदनहरुका सम्बन्धमा उपस्थित शेयरधनी महानुभावहरुलाई आफ्नो जिज्ञासा, राय सल्लाह, सुझाब राख्न अनुरोध गर्नु भयो । कम्पनीका देहायका शेयरधनीहरुले निम्न बमोजिम जिज्ञासा, राय सल्लाह, सुझाब राख्नु भयो ।

(क) श्री डमरु बल्लभ घिमिरे
वर्षायामको विजुली नेपाल विद्युत प्राधिकरणले नलिएको कारण कम्पनीलाई ठूलो नाक्सनी भएकोमा दुःख व्यक्त गर्नु भयो । वैकल्पिक व्यास्थाबाट विद्युत विक्रि भैरहेकोमा उक्त व्यवस्थालाई हटाई साविककै take or pay लागु गर्न ippan , उद्योग वाणिज्य महासंघ मार्फत पनि पहल गर्नुपर्ने धारणा राख्नु भयो । कम्पनीले Right Share जारी गरी ऋण चुक्ता गर्नु पर्ने कुरामा जोड दिनु भयो । साथै आगामी वर्षमा कम्पनीको साधारण सभा समयमै गर्न पनि सुझाव दिनु भयो ।

(ख) श्री राम गोपाल महर्जन
यस कम्पनीबाट लगानीकर्ताहरुलाई लगानीको प्रतिफल कहिले आउछ भनी प्रश्न गर्नु भयो ।

(ग) श्री निरुपमा गुप्ता
वित्तिय विवरणमा आ.व. २०७९/०८० मा आम्दानी र खर्च उल्लेख भएको तर आ.व. २०७८/०७९ मा आम्दानी र खर्च उल्लेख नभएको के कारणले हो प्रस्ट पार्न आग्रह गर्नु भयो । यो वर्ष पनि लाभांश नपाएकाले Right Share भए पनि जारी गर्नु पर्ने कुरा व्यक्त गर्नु भयो ।

उहाहरुले आफ्नो जिज्ञासा, राय सल्लाह, सुझाब राखी सके पछि ती जिज्ञासाहरुलाई सम्बोधन कम्पनीको सभापतिको अनुमतिले कार्यकारी निर्देशक श्री गुरुप्रसाद ढकालका साथै कम्पनी सचिवले गर्नु भएको थियो । उहाहरुले गर्नु भएको सम्बोधन संक्षेपमा निम्न वमोजिम रहेको छ ।

(१) नेपाल विद्युत प्राधिकरणको Load Dispatch Center को Dispatch Instruction का कारण पूर्ण क्षमतामा विद्युत उत्पादन गर्न नपाइएले कम्पनी घाटामा गएको र फलस्वरुप लाभांश वितरण गर्न नसकिएको जानकारी गराउनु भयो । नेपाल विद्युत प्राधिकरणले भारतको कम्पनीसंग दोर्दी खोला जलविद्युत आयोजनाको विजुली बिक्रि गर्ने सम्झौता गरिसकेकाले आगामी वर्षायाममा पूर्ण क्षमतामा बिद्युत उत्पादन गरी बिक्रि गर्नेमा विश्वस्त रहेको कुरा व्यक्त गर्नु भयो । प्रशासनिक खर्च कटौती तथा बैंकको ऋण swap गरेर भए पनि व्याज खर्च घटाउने र यस वर्षको घाटापुर्ति पश्चात लाभांश वितरण गर्न सकिने कुरा जानकारी गराउनु भयो ।

(२) कम्पनीले Right Share जारी गर्ने सम्दर्भमा संचालक समितिमा छलफल गरिने कुरा बताउनु भयो ।

(३) यही आ.व.मा आयोजना सम्पन्न भै संचालनमा आएको र आयोजनाको सम्पूर्ण खर्चहरु पुजिकृत गरी क्लोजिङ्ग गर्नु परेकोले साधारण सभा ढिलो भएको र आगामी वर्षमा छिटै साधारण सभा गर्न कोशिस गर्ने जानकारी गराउनु भयो ।

(३) दोर्दी खोला जलविद्युत आयोजना मिति २०७९/०६/१४ बाट मात्र संचालनमा आएको र आयोजना निर्माणका लागि भएका सम्पूर्ण खर्च पुजिकृत गर्ने कम्पनीको निती रहेकाले आ.व. २०७८/०७९ मा आम्दानी र खर्च पुजिकृत गरिएकाले नाफा नोक्सान हिसाबमा नदेखाएको व्यहोरा जानकारी गराउनु भयो ।

१०. सभाबाट भएका निर्णयहरु :

(क) <u>सामान्य प्रस्ताव उपर छलफल तथा निर्णय</u>



Himalayan Power Partner Ltd. HPP Kathmandu

१. संचालक समितिको आ.ब. २०७९/०८० को बार्षिक प्रतिवेदन पारित गर्ने ।

संचालक समितिको तर्फबाट अध्यक्ष श्री कुल आचार्यज्यूले प्रस्तुत गर्नु भएको आ. ब. २०७९/०८० को बार्षिक प्रतिवेदन उपर छलफल गरी उक्त बार्षिक प्रतिवेदन सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो ।

२. वार्षिक आर्थिक विवरण, लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वासलात तथा मिति २०७९ श्रावण १ देखि २०८० आषाढ मसान्त सम्मको नाफा-नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण सम्बन्धी विषयमा छलफल गरी स्वीकृत गर्ने ।

लेखापरीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वासलात तथा मिति २०७९ श्रावण १ देखि २०८० आषाढ मसान्त सम्मको नाफा-नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण सम्बन्धी विवरण पारित गरियोस भनी सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाले सर्वसम्मतिबाट उक्त प्रस्ताव पारित गऱ्यो ।

३. आर्थिक बर्ष २०८०/०८१ का लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्न ।

कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८०/०८१ को लेखा परिक्षण गर्न लेखा परिक्षण समितिको सिफारिसमा लेखापरीक्षक Kuber N. Bhattarai & Co., Chartered Accountants लाई लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाले मु.अ. कर बाहेक एकमुष्ट पारिश्रमिक रु.१५०,०००/- (अक्षरुपी: रु. एक लाख पचास हजार मात्र) दिने गरी लेखापरीक्षक Kuber N. Bhattarai Co., Chartered Accountants लाई नियुक्त गर्ने उक्त प्रस्ताव सर्वसम्मतिले पारित गऱ्यो ।

(ख) <u>विशेष प्रस्ताव उपर छलफल तथा निर्णय</u>

१. कम्पनीले सामाजिक उत्तरदायित्व अन्तरगत गरेको आर्थिक सहयोग रकम रु १,९८,००० लाई अनुमोदन गर्ने सम्बन्धमा ।

कम्पनीले सामाजिक उत्तरदायित्व अन्तरगत गरेको आर्थिक सहयोग रकम रु १,९८,००० लाई अनुमोदन गरियोस् भनी सभा समक्ष प्रस्ताव पेश भएकोमा उक्त प्रस्ताव सर्वसम्मतिले पारित गऱ्यो ।

२. कम्पनीले आफ्नो चुक्ता पुँजी र सञ्चित मुनाफा भन्दा बढी हुने गरी लिएको ऋण अनुमोदन गर्ने सम्बन्धमा ।

कम्पनीले आफ्नो चुक्ता पुँजी र सञ्चित मुनाफा भन्दा बढी हुने गरी लिएको ऋण अनुमोदन गरियोस् भनी सभा समक्ष प्रस्ताव पेश भएकोमा उक्त प्रस्ताव सर्वसम्मतिले पारित गऱ्यो ।

११ धन्यवाद ज्ञापन :

शेयरधनी महानुभावहरुलाई कम्पनीको लक्ष्य प्राप्तिको लागि संचालक समिति सधै प्रयन्नशिल रहेका र उहाहरुको सल्लाह तथा सुझाव कम्पनीको लागि मार्गदर्शनको रुपमा रहने कुरा व्यक्त गर्दै उपस्थित सम्पुर्ण शेयरधनी महानुभावहरु, नियमनकारी निकायहरु, लेखापरीक्षक, संचारकर्मी, दोर्दी खोला जलविद्युत आयोजनाको निर्माण सम्पन्न गरी संचालनमा ल्याउने कार्यमा सहयोग गर्नु हुने स्थानिय बासीन्दा, स्थानिय प्रशासन, कर्मचारी, निर्माण कार्यका ठेकेदारहरु तथा ऋण प्रवाह गर्ने बैंक तथा बित्तिय संस्थाहरु लाई धन्यवाद ज्ञापन गरी अध्यक्षज्युबाट सभा सम्पन्न भएको घोषणा गर्नु भयो ।

............................
बिनय के.सी.
कम्पनी सचिव

Himalayan Power Partner Ltd. HPP Kathmandu

......................
कुल आचार्य
अध्यक्ष